आज मिति २०८०।०६।०९ गते यस कपुरकोट गाउँ कार्यपालिकाको १०० औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री विमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | तिला |
| १५ | श्री भरत कुमार वली | सचिव | |

**आमन्त्रित:**

श्री विष्णु प्रसादआचार्य - लेखाप्रमुख
श्री केशर सिंह खड्का - का.स.

CS CamScanner

**कपुरकोट गाउँपालिकाको मिति २०८०।०६।०९ गतेको १०० औं गाउँकार्यपालिका बैठकका कार्यसुचिहरु:**

१. कपुरकोट गाउँपालिकामा १५ शैया अस्पताल संचालन सम्बन्धमा ।

२. एम्बुलेन्स माग सम्बन्धमा ।

३. कपुरकोट गाउँपालिकामा १५ शैया अस्पतालको सृजित दायित्व सम्बन्धमा ।

४. बनस्पती अनुसन्धान केन्द्रको साझेदारी प्रस्ताव सम्बन्धमा ।

५. भवानी मावीको बिधुतको पोल हस्तान्तरण सम्बन्धमा ।

६. कृषी ल्याव स्थापना सम्बन्धमा ।

७.स्थानीय बिकास प्रशिक्षण प्रतिष्ठान सँग साझेदारी सम्वन्धमा ।

८. कृषी एम्बुलेन्स खरीद साझेदारी सम्बन्धमा ।

९.पुस्तकहरु खरीद सम्बन्धमा ।

१०. राष्ट्रपती रनिङ शिल्ड र अध्यक्ष कप सँचालन सम्बन्धमा ।

११. राप्ती राजमार्गमा भइरहेका दुर्घटना न्युनीकरण सम्वन्धमा ।

१२.जीवन ज्योती नमुना मावीको भवन निर्माणका लागी भारतीय राजदुतावास संग माग सम्बन्धमा ।

१३. बिबिध ।

- वडा न ४ को सृजनशिल टोल बिकास संस्थाको तारजाली माग सम्बन्धमा ।
- बनस्पती अनुसन्धान केन्द्रको इन्भर्टर र सोलार माग सम्बन्धमा ।

CamScanner

## कपुरकोट गाउँपालिकाको मिति २०८०।०६।०९ गतेको १०० औं गाउँकार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १

यस पालिकाको निर्माणाधिन १५ शैय्याको अस्पताल निर्माण सम्पन्न भइ संचालनमा आउन अझै केही बर्ष लाग्न सक्ने देखिएको तर रासी राजमार्गमा भइरहेको अत्यधिक सडक दुर्घटना र जनतालाई भरपर्दो स्वास्थ्य सेवा उपलब्ध गराउन बिद्यमान जनशक्ति र स्रोतसाधनको उपयोग गर्दै हाललाई १ जना मेडिकल डाक्टर र १ जना ल्याव असिस्टेन्ट पाँचौस्तरको करार सेवामा लिन बिज्ञापन आव्हान गरी कार्तिक महिनादेखि धनवाङ स्वास्थ्य चौकीमा मेडिकल डाक्टर सहितको ५ शैय्याको अस्पताल संचालन गर्ने ।आबश्यक उपकरण र औषधि लगायतका लागि अनुदान सहायताको लागि स्वास्थ्य सेवा कार्यालय सल्यान,कर्णाली प्रदेश सरकार र नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने र सशर्त अनुदान शिर्षकको बजेटबाट करार सेवामा नियुक्त गरिएका डाक्टर र ल्याव एसिस्टेन्ट लगायतका कर्मचारीको तलव भत्ता भुक्तानि गर्ने अनुमतिका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने ।साथै बिशेषज्ञ सेवा नजिकका अन्य अस्पतालमा कार्यरत डाक्टरहरु पार्ट टाइम सेवा करारमा लिएर समेत आबश्यक ब्यबस्थापन गर्ने ।

**निर्णय नं. २**

काठमाडौं महानगरपालिकाले मिति २०८०।०६।०४ मा सबै गाउँपालिकाहरुलाई निशुल्क एम्बुलेन्स सहायता गर्न प्रस्ताव आव्हान गरेकोमा यस पालिकामा रहेको एउटा मात्र एम्बुलेन्स जिर्ण भइसकेको र थप एम्बुलेन्स खरीद गर्न यस पालिकासँग प्रयास स्रोत नभएको र रासि राजमार्गमा भइरहेको अत्यधिक सडक दुर्घटना समेतलाई ख्याल गरी रिम र गर्पा स्वास्थ्य चौकीमा रहने गरी काठमाडौं महानगरपालिकासँग २ वटा एम्बुलेन्स सहयोगका लागि अनुरोध गर्ने ।

**निर्णय नं. ३**

कपुरकोट गाउँपालिकामा निर्माणाधिन १५ शैय्या अस्पतालको हालसम्मको सृजित दायित्व भुक्तानीका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने ।

**निर्णय नं. ४**

कपुरकोट गाउँपालिकाको आ व २०८०।८१ को बहुउदेशिय नर्सरी स्थापना साझेदारी तर्फ रु ३ लाख बराबरको कार्यक्रम संचालन गर्न वनस्पती अनुसन्धान केन्द्र ,सल्यानले पेश गरेको साझेदारी प्रस्ताव स्वीकृत गरि वनस्पती अनुसन्धान केन्द्रमार्फत कार्यक्रम कार्यान्वयन गर्ने।

**निर्णय नं. ५**

भवानी मा.वि.को प्राङगणमा रहेको विद्युतको ट्रान्समिटर र पोल स्थानान्तरणका लागि बिधुत प्राधिकरणको इस्टिमेट अनुसारको रु २५०४०६ ।– (अक्षरेपी दुई लाख पचास हजार चार सय छ

रुपैया मात्र ) काम सम्पन्न भएको प्रतिवेदन र बिल भरपाई पेश गरेपछि भवानी मावि कपुरकोट ६ लाई बिपद ब्यबस्थापन कोषबाट अनुदान दिने ।

निर्णय नं. ६

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको मिति २०८०।०५।२१ को पत्रानुसार सिन ७,१०,१५,१६ र २३ का तपशिलका शिर्षकका तालिमहरु प्रतिष्ठानको साझेदारीमा संचालन गर्ने गरी प्रस्ताव पठाउने।

- ✓ सार्वजनिक खरिद ब्यबस्थापन
- ✓ सार्वजनिक सेवा प्रवाह तथा कार्यालय ब्यबस्थापन
- ✓ नेतृत्व सीप विकास प्रशिक्षण
- ✓ सकारात्मक सोच, प्रशंसनीय दृष्टिकोणर खुसि रहने कला
- ✓ लेखा ब्यबस्थापन,CGAS,SUTRA,PAMS etc

निर्णय नं. ७

यस पालिकामा आधारभुत कृषि सम्बन्धि रोग पहिचानका लागि यथासक्य **मिनि कृषी ल्याब** स्थापना गर्ने र ल्यावका लागि आवश्यक क्षमता बिकासको तालिम र उपकरणको ब्यबस्थापनका लागि कृषि क्षेत्र बिकास कार्यक्रम(ASDP) सँग अनुरोध गर्ने।

निर्णय नं.८

आ व २०८०।८१ को स्विकृत बार्षिक कार्यक्रम अनुसार नेपाल सरकारबाट प्राप्त अनुदानबाट १ वटा २.५ घ.मीर प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट रु १५ लाख कृषि एम्बुलेन्स खरिदका लागि अनुदान प्रस्ताव भएकोमा पालिकाको साझेदारी कोषबाट रु १५ लाख साझेदारी ब्योहोर्ने गरी ३ घ.मि को १ वटा कृषि एम्बुलेन्स खरिद गर्ने प्रस्वाव पेश गर्ने ।

निर्णय नं.९

वनस्पति अध्ययन केन्द्र सल्यानका कार्यालय प्रमुख डा मित्रलाल पाठकले लेखन तथा प्रकाशन गर्नु भएको लघुकथा सङग्रह हाकिमको देश खरिद गरिदिन अनुरोध भएकोमा रु १००००।- हजार वरावरको १०० थान पुस्तक खरिद गर्न स्विकृति दिने ।

निर्णय नं.१०

लेकवेशि मिडिया ग्रुप प्रालिद्वारा प्रकाशित सल्यानको चिनारीनामक पुस्तक खरिद गरिदिन अनुरोध भएकोमा जम्मा ५० प्रति किताबको जम्मा रकम रु ३९५५०।- मा १० प्रतिशत छुट गरि जम्मा रु ३५५९५।- रकम वरावरको पुस्तक खरिद गर्न स्विकृति दिने ।

निर्णय प्रमाणित
२०८०।०६।०३

CamScanner

निर्णय नं.११
दशैं तिहारको वीचमा वडाध्यक्ष र तिहारपछि मंसीरमा खेलकुद विकास समितिसँग समन्वय गरेर अध्यक्षकप संचालन गर्ने। साथै जिल्ला खेलकुद बिकास समितिको समन्वयमा मसिर महिनाभित्र जिल्लास्तरि राष्ट्रपति रनिङ शिल्ड आयोजना गर्न र सो अघि नै पालिकास्तरिय रनिङ शिल्ड सञ्चालन गरिसक्ने । रनिङ शिल्डको तयारी तथा मार्शल आर्टसको बिकासको लागि पालिका भित्र र पालिकाभन्दा बाहिरका प्रशिक्षकसमेतलाई एकजनालाई एकमुष्ट रु ३००००।-(अक्षरेपि तिस हजार मात्र) पारिश्रमिक उपलब्ध गराउने गरि सबै माविहरुमा तेक्वान्दो र कराँतेको प्रशिक्षण कक्षा संचालन गर्ने र सो का लागि आवश्यक सुरक्षा उपकरण लगायतका साभाग्री समेत खरिद गरि सो सहित दुवै खर्च युवा तथा गतिबिधि सहायता शिर्षकबाट बजेट व्यवस्था गर्ने ।

निर्णय नं.१२
राप्ती राजमार्गमा भइरहेको अत्यधिक दुर्घटना न्यूनीकरणका लागि अप्ठ्यारा मोडहरुको सुधार गर्न पहिरो र बर्षाले क्षतिग्रस्त सडकको मर्मत गर्न र सडकमा सुरक्षाका लागि रेलिङको व्यवस्था सहित दाङको गोटिखोलादेखि सल्यानको लुहाम सम्मको सडकमा टाइम कार्डको व्यवस्था गर्न सडक बिभागलाई अनुरोध गर्ने।

निर्णय नं.१३
जीवनज्योती नमुना मा.वि.को भवन निर्माण लगायतका पुर्वाधार निर्माणमा अनुदान सहयोगका लागि भारतीय राजदुतावास प्रस्ताव पेश गरेकोमा भारतिय राजदुतावासले यस पालिकालाई अनुदान सहयोग उपलब्ध गराएमा दुतावासको नियमानुसारको साझेदारी रकम उपलब्ध गराउन प्रतिबद्दतासहित भारतिय दुतावासलाई पत्राचार गर्ने।

निर्णय नं.१४
गायत्री आवि गाँडापानीले विधुत वाइरीङ गर्ने व्यवस्थाका लागि अनुरोध गरेकोमा बिध्यालय भौतिक पुर्वाधार सुदृढिकरण कार्यक्रमबाट रु ३००००।- को रकमको परिधिभित्र रही सो कार्य गर्न स्विकृति दिने ।

निर्णय नं.१५
नविकरणिय वैकल्पिक उर्जा शिर्षकको रकमबाट सोलार तथा इन्भर्टर खरिद गरी गाउँपालिका अन्तर्गतका सबै कार्यालयहरुमा ब्याकअप ब्यबस्था गर्ने र सोही शिर्षकबाट बनस्पति अनुसन्धान केन्द्रले माग गरेअनुसार इन्भर्टर १ र सो को ब्याट्रि थान २ उपलब्ध गराउने।

निर्णय नं.१६

निर्णय प्रतिलिपि
२०७६/८/०३

कपुरकोट गाउँपालिकाको आर्थिक ऐन २०८० मा ब्यबस्था भएअनुसारका बस्तु तथा सामाग्रीहरुमा निर्यात तथा आयात कर यही मिति २०८० मंसिर १ गतेदेखि गाउँ प्रहरी बल र राजश्व इकाइको परिचालन गरि राप्ति राजमार्गमा लागु गर्ने ।

निर्णय नं.१७

गाउँपालिकाको ब्याक्वोलोडरले साउन,भाद्र र असोज महिनामा बाटो मर्मत तथा सुधार कार्यको समिक्षा गर्दै यसले खर्चमा मितब्यिता र काममा प्रभावकारीता आएको निष्कर्ष निकाल्दै यो अबधिमा कुनै पनि मार्गहरु बर्षा र पहिरोको कारण अबरुद्द नभएकोमा मेसिन अप्रेटर र मेसिनरी उपकरण इकाइलाई धन्यबाद दिने ।

निर्णय नं.१८

वडा न ४ को सिर्जनशिल टोल बिकास संस्थाले ५० मिटर तार जालि माग गरेको सन्दर्भमा प्राविधिक लागत अनुमान रु ५०,०००।- नबढने गरि काम गरि बिलभरपाई सहित भुक्तानी माग गर्ने गरी सम्बन्धित टोल बिकास समिति अध्यक्षलाई कार्यदिश दिन स्विकृति दिने ।

निर्णय नं.१९

सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा सुरक्षा ब्यबस्था मिलाउन सिसिटिभि जडान गर्ने ।

निर्णय नं.२०

यस आव मा तपशिलको योजनाहरुको बिस्तृत परियोजना प्रतिबेदन DPR तथा IEE तयार गर्ने ।

- रुम्टिलेक पर्यटकीय स्थल वडा न २
- कपुरकोट सांस्कृतिक संङग्रालय निर्माण स्थल IEE
- सातामुल पर्यटकीय स्थल वडा न ६
- छालाभिजाउने खानेपानी योजना वडा न ५
- कालापात्ला सडक वडा न १
- सल्लाम टुनिबोट सडक वडा न ५

निर्णय नं.२१

कपुरकोट गाउँपालिकाभित्र कृयाशिल सबै कार्यालय र गैरनाफामुलक सामाजिक संघ संस्थाहरुको मासिक प्रमुखहरुको बैठक आयोजना गर्न र कर्मचारी/पदाधिकारी मिलन केन्द्र गठन गर्न अनुमति दिने ।

निर्णय प्रमाणित

२०८०/०८/०१